# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) सुर्खेत, असार ०२ गते, २०७८ साल (संख्या ५

## भाग-३

### कर्णाली प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

**कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (तेस्रो संशोधन) नियमावली, २०७८**

कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४७ (क) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहाय बमोजिमका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "**कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (तेस्रो संशोधन) नियमावली, २०७८**" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम २ मा संशोधन :** कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) "कार्यकारी समिति" भन्नाले नियम ६ बमोजिमको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति सम्झनु पर्छ ।"

३. **मूल नियमावलीको नियम ३ मा संशोधनः** मूल नियमवलीको नियम ३ को उपनियम (२) को,-

(१) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्री -सदस्य"

(२) खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छः-

"(छ१) जलस्रोत तथा उर्जा विकास मन्त्री -सदस्य"

४. **मूल नियमावलीको नियम ६ मा संशोधनः** मूल नियमावलीको नियम ६ को उपनियम (२) को,-

(१) खण्ड (ग) मा रहेका "आन्तरिक मामिला तथा कानून मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ ।

(२) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) सचिव, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय -सचिव "

(३) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छः-

"(ज१) सचिव, जलस्रोत तथा उर्जा मन्त्रालय -सचिव "

५. **<u>मूल नियमावलीको नियम ९ मा संशोधन</u>:** मूल नियमावलीको नियम ९ मा रहेको "(१)" भन्ने अङ्क झिकिएको छ ।

६. **<u>मूल नियमावलीको नियम १० मा संशोधन</u>:** मूल नियमावलीको नियम १० को,-

(१) उपनियम (३) मा रहेका "प्रदेश विपद् कार्यकारी समिति" भन्ने शब्दहरुको सट्टा "कार्यकारी समिति" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (४) मा रहेका "यस कार्यविधिको" भन्ने शब्दहरु झिकिएका छन् ।

७. **<u>मूल नियमावलीको नियम ११ मा संशोधन</u>:** मूल नियमावलीको नियम ११ को उपनियम (२) को,-

(१) खण्ड (च) मा रहेको “तोकिएको सहायता” भन्ने शब्दहरुको सट्टा “प्रदेश सरकारले निर्णय गरे बमोजिमको राहत रकम” भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (छ) मा रहेका “तोकिए बमोजिमको” भन्ने शब्दहरु झिकिएका छन् ।

(३) खण्ड (ट) मा रहेका “प्रदेश विपद् व्यवस्थापन कार्यकारी समित” भन्ने शब्दहरुको सट्टा “कार्यकारी समिति” भन्ने शब्दहरु राखिएका छन् ।

(४) खण्ड (ठ) र (ड) झिकिएका छन् ।

**आज्ञाले,**

वीरेन्द्र बहादुर के.सी.

प्रदेश सरकारको निमित्त सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**